# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६] काठमाडौं, पौष १० गते २०२३ साल [अतिरिक्ताङ्क ४१

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरवारको

### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट खण्ड १६, मिति ०२३ ज्येष्ठ २६ गतेको अतिरिक्ताङ्क ७ र अतिरिक्ताङ्क ७ (क) भाग ४ तथा खण्ड १४, मिति ०२१ श्रावण ८ गतेको अतिरिक्ताङ्क ८ भाग ४ को नेपाल गजेटहरूमा प्रकाशित निम्नलिखित अलङ्कार, पदकहरूको नाम देहायबमोजिम परिवर्तन गर्न तथा निम्नलिखित मान पदवी र पदक प्रचलनमा ल्याउन स्वीकृति प्रदान गरिबक्सेको छः–

| (क) अलङ्कार | परिवर्तित नाम |
|---|---|
| (१) महेन्द्र रत्न भूषण | (१) महेन्द्ररत्न सुभूषण |
| (२) महेन्द्र रत्न पट्ट | (२) महेन्द्ररत्नआभूँषण |
| (३) महेन्द्र रत्न पदक | (३) महेन्द्ररत्न भूषण |
| **(ख) पदक** | |
| (१) प्रसिद्ध सेवालङ्कार | (१) प्रसिद्ध सेवा पदक |
| (२) सेवालङ्कार | (२) सेवापट्ट |

आधिकारिकता मुद्रण विभागबाट(१)प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(३) आकाश सेवालङ्कार

(३) आकाश सेवापट्ट

## (ग) मान पदवी

### नेपाल प्रताप भाष्करः-

नेपाल प्रताप भाष्करको मानपदवी राजपरिवारलाई तथा विदेशी राज्यका राजा वा रानीलाई मात्र प्रदान हुन सक्ने छ ।

## (घ) पदक

### बारूण पदक

बारूण पदक अविछिन्न १५ वर्ष सेवा गर्ने वारूणयन्त्रका कर्मचारीलाई प्रदान गरिने छ । तर राम्रो आचरण वा प्रशंसनीय सेवा गरेमा सोभन्दा अगावै पनि प्रदान हुन सक्ने छ ।

## (ङ) राजप्रासाद सेवा पदक

राजप्रासाद सेवा पदक राज प्रासाद सेवामा अविछिन्न १५ वर्ष सेवा गर्ने कर्मचारीलाई प्रदान गरिने छ ।

## (च) जानपद सेवा पदक

जानपद सेवा पदक निजामती सेवामा अविछिन्न १५ वर्ष सेवा गर्ने कर्मचारीलाई प्रदान गरिने छ ।

हुकुम बक्सेबमोजिम,
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

मदन पुरस्कार पुस्तकालय


अधिकारिकको ... गरिएपछि मात्र लागु हुनेछ।